नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:- ०७७/७८
चलानी नं.:- ०२

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति:२०७७/११/०४

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश १ विराटनगर ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश २ जनकपुर ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, बागमती प्रदेश, हेटौंडा ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, लुम्बिनी प्रदेश, बुटवल (भालुवाङ)
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सुदुरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**विषय : मानव संशाधन विकास योजना सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा नेपाल सरकारको मन्त्रालयगत कार्यविभाजन नियमावली, २०७४ ले मुलुकलाई आवश्यक पर्ने हरेक किसिमका जनशक्तिको उत्पादन तथा प्रक्षेपणको समन्वयकारी भूमिका यस मन्त्रालयलाई दिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नयाँ संगठन २०७४ को कार्यक्षेत्रमा उल्लेखित तपसिलका कार्य सम्पादन गर्नु मन्त्रालयको कर्तव्य हुन्छ । विद्यमान अवस्थामा मुलुकमा जनशक्ति विकास नीति, योजनासमेत नबनेको सन्दर्भमा देशलाई आवश्यक पर्ने (सार्वजनिक तथा निजी क्षेत्रसमेतका लागि) सबै किसिमका विषयगत, प्राविधिक मानव संशाधन विकासका योजना तथा जनशक्तिको प्रयोगको यथार्थ विवरण राज्यलाई चाहिने हुन्छ ।

**मन्त्रालयका कार्यक्षेत्रहरु**

- शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन ।
- मानव संशाधन, आवश्यकता प्रक्षेपण, राष्टिय शैक्षिक योजना एवम् मानव स्रोत विकास योजना ।
- शिक्षा, विज्ञान तथा प्रविधि र योजनाहरुको अध्ययन तथा अनुसन्धान गर्ने, जनशक्तिको प्रक्षेपण गर्ने, उत्पादन गर्ने र योजना र कार्यक्रम विकास गर्नेसंग सम्बन्धित कार्यहरु ।
- देशको लागि आवश्यक पर्ने विभिन्न प्रकारका जनशक्तिको प्रक्षेपण गर्ने जनशक्ति विकासका लागि योजना बनाउने र जनशक्ति विकाससँग सम्बन्धित नीति तर्जुमा गर्ने ।
- प्रदेश तथा स्थानीय स्तरमा आवश्यक पर्ने जनशक्ति विकासका लागि समन्वयको कार्य गर्ने ।
- प्रदेश तथा स्थानीय तहमा आवश्यक पर्ने जनशक्ति विकास योजनासँग सम्बन्धित रहेर समन्वय गर्ने कार्यहरु ।
- कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी नीति तथा योजना तर्जुमा सम्बन्धित कार्यहरु ।

उल्लेखित कानुनी आधारमा यस मन्त्रालयले मुलुकलाई व्यवस्थापकीय प्रशासनिक तथा प्राविधिक रुपमा आवश्यक पर्ने जनशक्तिको पहिचान गर्ने प्रारम्भिक कार्यको थालनी गरेको छ । सात वटै प्रदेशका सरकारहरुले आ-आफ्नो प्रदेशमा भौगौलिक, वातावरणीय पक्षको अध्ययन गरी सम्भावित विकासका विशेषता, आवश्यकता र जनताको जीवनस्तर सुधार एवम् क्षमता अभिवृद्धिका लागि सम्भावित रोजगारका क्षेत्रहरु विगत ३ वर्षका कार्य अनुभवलाई विश्लेषण गरी प्रदेश सरकारका संवैधानिक अधिकारका मुख्य उद्देश्य बमोजिमको लक्ष्यमा केन्द्रित भएर त्यस प्रदेशका लागि आवश्यक पर्ने जनशक्ति विकास योजना सम्बन्धी अवधारणा संलग्न फारम भरी मिति २०७७ चैत्र ७ गतेभित्र यस मन्त्रालयमा आइपुग्ने गरी पठाउनु हुन मिति २०७७/११/०४ को (सचिवस्तर) निर्णयानुसार अनुरोध छ ।

पुनश्चः यस सम्बन्धी तथ्याङ्क संकलन सूचना फाराम यस मन्त्रालयको वेभसाइट www. moest.gov.np/ moe. gov. np मा उपलब्ध छ ।

(ईश्वरी प्रसाद पोखरेल)
उपसचिव

**बोधार्थ तथा कार्यार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरवार । (सातै प्रदेश सरकारलाई समन्वय गरी विवरण उपलब्ध गराउन सहयोग गरिदिनु हुन) ।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरवार । (प्रदेश अनुसारको जनशक्ति विकासका आधार उपलब्ध गराएर सहयोग गरिदिनु हुन) ।
श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा : यस बमोजिमको पत्र र "तथ्याङ्क संकलन सूचना फाराम" website मा upload गरी दिनहुन ।

<u>संस्थागत सम्पर्क व्यक्ति</u>

ईश्वरीप्रसाद पोखरेल, उपसचिव, इमेल, pokhrelishwori123@gmail.com, mobile no. 9841821313

**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**मानव संसाधन ( जनशक्ति ) विकास योजना सर्वेक्षण फारम-२०७७**

**प्रदेश तथ्याङ्कन संकलन सूचक फारम**

**प्रदेश सरकार ................**

**मानव संसाधन विकास योजना र जनशक्ति प्रक्षेपण**

**फारमको नमूना प्रश्नावली १**

प्रदेश जनशक्तिको विद्यमान अवस्था ( सरकारी मात्र) को विवरण

प्रदेशको विद्यमान दरवन्दी संरचनामा भावी दिनमा विषयगत कार्य प्रकृति अनुसार प्रदेशलाई सार्वजनिक सेवाको क्षेत्रमा कुन कुन विषय क्षेत्रहरूमा बढी जनशक्ति आवश्यक पर्ने हो ? सो सेवा, समूह, उपसमूहको नाम तथा तिनको जनशक्ति विवरण सबै स्पष्ट खुलाउनु होस् । यसमा दिइएको कोठामा नअटेको संख्या छुट्टै पानामा विषयगत विवरण उल्लेख गरी भरिदिनु होस् ।

| प्रदेशमा कुल दरवन्दीको जनशक्ति | विद्यमान अवस्था सबै कार्यरत जनशक्ति | साधारण प्रकृतिका | विषयगत प्रकृतिका | प्राविधिक प्रकृति |
|---|---|---|---|---|
| | | | | |

| विषयगत समूह तथा उपसमूहहरु | क | ख | ग | घ | ङ | च | जम्मा जनशक्ति |
|---|---|---|---|---|---|---|---|
| इन्जिनियरिङका विविध समूह,उपसमूह | | | | | | | |
| कृषिका विविध समूह, उपसमूह | | | | | | | |
| पशुका विविध समूह, उपसमूह | | | | | | | |
| वन/ वातावरणका विविध समूह, उपसमूह | | | | | | | |
| शिक्षाका विविध समूह, उपसमूह | | | | | | | |
| स्वास्थ्य सेवाका विविध समूह, उपसमूह | | | | | | | |
| प्रशासनिक क्षेत्रका विविध समूह, उपसमूह | | | | | | | |
| राजस्व तथा आर्थिक पक्षका विविध समूह,उपसमूह | | | | | | | |
| न्याय, कानुन तथा वकिलका विविध समूह, उपसमूह | | | | | | | |
| संसद, व्यवस्थापिका समूह,उपसमूह | | | | | | | |

**फारमको नमूना प्रश्नावली २**

आगामी २५ वर्षको प्रादेशिक कार्ययोजनामा त्यस प्रदेशमा सिर्जना हुने सार्वजनिक तथा निजी क्षेत्रमा विषयगत तथा प्राविधिक दक्षतानुसारको जनशक्तिलाई रोजगारको अवस्था कस्तो हुने अनुमान गरिएको छ । जनशक्तिको आकलन :

| सीप क्षमता अनुसार २५ वर्षमा तयार हुने जनशक्तिको जनसंख्या | निम्न सीप | मध्यम सीप | दक्ष सीप | पूर्ण दक्ष सीप | विशेषज्ञ | अनुसन्धाता |
|---|---|---|---|---|---|---|
| इन्जिनियरिङ क्षेत्रमा प्राप्त रोजगारी | | | | | | |
| कृषि तथा कृषिजन्य उद्योगमा प्राप्त हुने रोजगारी | | | | | | |
| पशु तथा पशुजन्य उद्योगमा प्राप्त हुने रोजगारी | | | | | | |
| वन/वातावरण तथा जडीबुटी उत्पादनका क्षेत्रमा प्राप्तहुने रोजगारी | | | | | | |
| शिक्षा क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| स्वास्थ्य क्षेत्रमा  प्राप्त हुने रोजगारी | | | | | | |
| प्रशासनिक क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बहुउत्पादनका औद्यौगिक क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| घर निर्माण तथा मर्मतका क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| भौतिक क्षेत्र विकासमा प्राप्त हुने रोजगारी | | | | | | |
| अटोमोबाइल क्षेत्रमा तथा निर्माण मर्मतका क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| व्यापार व्यवसायिक क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| होटल व्यवसायी तथा व्यवस्थापकीय क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| पर्यटन उद्योग तथा व्यवसायका क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| यातायात व्यवसायका क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| विद्युत उत्पादन, जडान र मर्मतका क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| खानेपानी सेवाका क्षेत्रमा उत्पादन सिर्जना हुने रोजगारी | | | | | | |
| गरगहना आभूषण निर्मातका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| कालीगढ हस्तकला/ मूर्तिकार क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| ढल निकास, सरसफाइ तथा फोहोर व्यवस्थापन क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| रेडियो, घडी, मोबाइल आदि निर्माण तथा मर्मतका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| वैकल्पिक उर्जा, ग्याँस, पेट्रोलियम पदार्थ आदि क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| भाषा,कलाकारिता, नाटक तथा सिनेमा, सांस्कृतिक परम्परा आदि क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| सूचना तथा सञ्चार, प्रकाशन तथा बजारीकरणका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| सरकारी क्षेत्र( प्रशासन, सेना, प्रहरी शिक्षक) आदि क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| सार्वजनिक क्षेत्र( पूर्ण सरकारी तथा अर्ध सरकारी संगठित बैंक तथा संस्थान)हरुमा सिर्जना हुने रोजगारी | | | | | | |
| गैर सरकारी क्षेत्रका संगठित कम्पनीहरुमा सिर्जना हुने रोजगारी | | | | | | |
| बैंकिङ तथा आर्थिक कियाकलापका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| खानी उत्खनन तथा खनिज पदार्थ अनुसन्धानका क्षेत्रमा सिर्जना हुने | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रोजगारी | | | | | | |
| पूर्वीय आध्यात्मिक दर्शन, विशिष्ट संस्कृतविद तथा बौद्ध दार्शनिक एवम् शान्ति सुव्यवस्थाका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| होटल भान्सा व्यवस्थापन तथा खाद्य परिकारका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| सिलाई, कटाई, बुनाई तथा स्वरोजगारका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| कपाल संहार केन्द्र तथा सौन्दर्य विकास तथा प्रसाधन केन्द्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| स्थानीय जुत्ता, चप्पल उत्पादन तथा मर्मत क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| माथि उल्लेखित विषय बाहेक त्यहाँ अन्य रोजगारी सिर्जनाका विषय क्षेत्र प्रयोगमा भए छुट्टै पानामा उल्लेख गर्ने | | | | | | |

**फारमको नमूना प्रश्नावली ३**

थप रोजगारीका विषय क्षेत्रको पहिचान तथा अनुमान

प्रदेशमा रोजगारीका विषय क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रमा सार्वजनिक तथा निजी क्षेत्रबाट प्रत्येक वर्ष कति जनतालाई थप रोजगारी दिन सकिन्छ ? प्रदेश विशेषताका आधारमा सम्भावित विषय क्षेत्रहरुको नाम, कच्चा पदार्थ, उद्योग वा स्थानीय तहमा उपलब्ध हुने सेवासुविधा सहित सम्भावित कार्य विवरण उल्लेख गर्दा छुट्टै पानाको प्रयोग गर्न सक्नु हुने छ ।

| प्रदेशमा रोजगारका सम्भावित क्षेत्रहरु | उद्योग | पर्यटन | कृषि तथा पशुपालन | अन्य व्यवसाय |
|---|---|---|---|---|
| आफ्नो प्रदेशमा के विषयगत क्षेत्रमा के कति जनतालाई रोजगारीका लागि अवसर हुने गरी क्षेत्र विस्तार तथा वातावरण तयार सकिन्छ ? | | | | |
| सार्वजनिक क्षेत्र | | | | |
| निजी क्षेत्र | | | | |
| आफ्नो प्रदेशका लागि तोकिएका विषयगत जनशक्ति उत्पादनको स्थिति तथा संख्यात्मक पर्याप्तता के कस्तो रहेको छ ? | | | | |
| सार्वजनिक क्षेत्र | | | | |
| निजी क्षेत्र | | | | |
| प्रदेशको सेवा प्रवाह जनशक्तिको योग्यता, कार्यसम्पादन गुणात्मकता तथा उपलब्ध नतिजामा सकारात्मकताका लागि के कति पक्षमा सुधारको आवश्यकता देखिएको छ ? | | | | |
| सार्वजनिक क्षेत्र | | | | |
| निजी क्षेत्र | | | | |
| जम्मा रोजगारीको सम्भावना | | | | |

**फारमको नमूना प्रश्नावली ४**

जनशक्ति विकास सम्बन्धमा प्रदेशको सम्भावित दृष्टिकोण, उद्देश्य तथा रणनीति

कुनै किसिमको साधारण खर्चमा वृद्धि नहुने गरी जनशक्ति विकास र व्यवस्थापनका पक्षमा के के विषयमा परिमार्जन सुधार तथा नयाँ योजना आवश्यक छ ? त्यसका लागि प्रदेशको उद्देश्य, कार्ययोजना, रणनीति, कार्यनीति तथा योजना कार्यान्वयन नीति र विस्तृत कार्यक्रमहरु के के हुन सक्छन् ?

| कंस | कार्ययोजना विवरण | क्षेत्रगत जनशक्ति विकासका उद्देश्यसहित सबै पक्षका योजना उल्लेख गर्ने |
|---|---|---|
| १ | उद्देश्य | |
| २ | कार्ययोजना | |
| ३ | रणनीति | |
| ४ | कार्यनीति | |
| ५ | योजना कार्यान्वयन नीति | |
| ६ | विस्तृत कार्यक्रमहरु | |
| ७ | अन्य पक्ष(समस्या, चुनौती र सम्भावना तथा समाधान) हरु | |

**फारमको नमूना प्रश्नावली ५**

आगामी २५ वर्षमा प्रदेश सरकारको अनुमानित जनशक्ति आवश्यकता सम्बन्धी विवरण

प्रादेशिक भौगौलिक तथा पेसा व्यवसाय सम्भावना तथा स्थानीय मौलिक विशेषतानुसार विषयगत तथा प्राविधिक सीपयुक्त उत्पादनमुखी र रोजगारमुखी जनशक्तिको आगामी २५ वर्षमा सार्वजनिक तथा निजी क्षेत्रमा प्रदेशका लागि के कति खाँचो पर्ने देखिन्छ ? सोको विस्तृत विवरण उल्लेख गर्नुहोस् ।

| आगामी २५ वर्षको प्रादेशिक कार्ययोजनामा त्यस प्रदेशमा प्रत्येक पाँच वर्षमा सिर्जना हुने विषयगत तथा प्राविधिक दक्ष जनशक्तिको रोजगारी अवस्थाको विवरण । | | | | | | |
|---|---|---|---|---|---|---|
| सीप क्षमता अनुसार २५ वर्षमा तयार हुने जनशक्तिको जनसंख्या | पहिलो पाँच वर्ष | दोस्रो पाँच वर्ष | तेस्रो पाँच वर्ष | चौँथो पाँच वर्ष | पाँचौं पाँच वर्ष | २५ वर्षमा जम्मा |
| इन्जिनियरिङ क्षेत्रमा प्राप्त रोजगारी | | | | | | |
| कृषि तथा कृषिजन्य उद्योगमा प्राप्त हुने रोजगारी | | | | | | |
| पशु तथा पशुजन्य उद्योगमा प्राप्त हुने रोजगारी | | | | | | |
| वन/वातावरण तथा जडीबुटी उत्पादनका क्षेत्रमा प्राप्तहुने रोजगारी | | | | | | |
| शिक्षा क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| स्वास्थ्य क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| प्रशासनिक क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| बहुउत्पादनका औद्यौगिक क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| घर निर्माण तथा मर्मतका क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| भौतिक क्षेत्र विकासमा प्राप्त हुने रोजगारी | | | | | | |
| अटोमोबाइल क्षेत्रमा तथा निम मर्मतका क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| व्यापार व्यवसायिक क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| होटल व्यवसायी तथा व्यवस्थाप कीय क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| पर्यटन उद्योग तथा व्यवसायका क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| यातायात व्यवसायका क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| विद्युत उत्पादन, जडान र | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मर्मतका क्षेत्रमा प्राप्त हुने रोजगारी | | | | | | |
| खानेपानी सेवाका क्षेत्रमा उत्पादन सिर्जना हुने रोजगारी | | | | | | |
| गरगहना आभूषण निर्मातका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| कालीगढ हस्तकला/ मूर्तिकार क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| ढल निकास, सरसफाइ तथा फोहोर व्यवस्थापन क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| रेडियो, घडी, मोबाइल आदि निर्माण तथा मर्मतका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| वैकल्पिक उर्जा, ग्याँस, पेट्रोलियम पदार्थ आदि क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| भाषा,कलाकारिता, नाटक तथा सिनेमा, सांस्कृतिक परम्परा आदि क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| सूचना तथा सञ्चार, प्रकाशन तथा बजारीकरणका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| सरकारी क्षेत्र( प्रशासन, सेना, प्रहरी शिक्षक) आदि क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| सार्वजनिक क्षेत्र( पूर्ण सरकारी तथा अर्ध सरकारी संगठित बैंक तथा संस्थान)हरुमा सिर्जना हुने रोजगारी | | | | | | |
| गैर सरकारी क्षेत्रका संगठित कम्पनीहरुमा सिर्जना हुने रोजगारी | | | | | | |
| बैंकिङ तथा आर्थिक कियाकलापका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| खानी उत्खनन तथा खनिज पदार्थ अनुसन्धानका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| पूर्वीय आध्यात्मिक दर्शन, विशिष्ट संस्कृतविद तथा बौद्ध दार्शनिक एवम् शान्ति सुव्यवस्थाका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| होटल भान्सा व्यवस्थापन तथा खाद्य परिकारका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| सिलाई, कटाई, बुनाई तथा स्वरोजगारका क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| कपाल संहार केन्द्र तथा सौन्दर्य विकास तथा प्रसाधन केन्द्रमा सिर्जना हुने रोजगारी | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्थानीय जुत्ता, चप्पल उत्पादन तथा मर्मत क्षेत्रमा सिर्जना हुने रोजगारी | | | | | | |
| माथि उल्लेखित विषय बाहेक त्यहाँ अन्य रोजगारी सिर्जनाका विषय क्षेत्र प्रयोगमा भए छुट्टै पानामा उल्लेख गर्ने | | | | | | |

**फारमको नमूना प्रश्नावली ६**

जनशक्ति विकासका लागि छात्रवृत्ति तथा शैक्षिक सहायता सम्बन्धी व्यवस्था
भावी वर्षहरुमा प्रदेशलाई सार्वजनिक तथा निजी क्षेत्रमा आवश्यक पर्ने विषयगत प्राविधिक अर्धदक्ष, दक्ष तथा पूर्ण दक्ष जनशक्ति तयार पार्न प्रदेश सरकार तहबाट गरिने आर्थिक छात्रवृत्ति तथा शैक्षिक सहयोगका कार्यहरु के के हुन सक्छन् ? तथा जनशक्ति उत्पादन पछि खपतका नीति, योजना तथा कार्यान्वयन कार्यक्रम हरु के के हुन सक्छन् ?

| प्राविधिक तथा विषयगत क्षेत्रको विवरण | नीति | रणनीति | कार्यनीति | योजना तथा कार्यक्रम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**फारमको नमूना प्रश्नावली ७**

प्रदेशका लागि जनशक्ति निर्धारण तथा प्रक्षेपण गर्दा विद्यमान जनशक्तिलाई नै आवश्यकतानुसार रुपान्तरण गर्न, सार्वजनिक खर्चमा मितव्ययिता अपनाउन, के कस्ता उपायहरु हुन् सक्छन् ? तपसिलको ढाँचामा स्पष्ट गर्नुहोस् ।

क) दक्ष जनशक्ति प्रक्षेपण तथा उत्पादनमा प्रदेश तहका भावी योजना तथा नीति, रणनीति एवम् कार्यनीति विद्यमान अवस्थामा के के कार्यान्वयनमा छन् ?

ख) जनशक्ति विकासका लागि आर्थिक लगानीको स्रोत जुटाउने भावी योजना तथा नीति, रणनीति एवम् कार्यनीति तथा कार्यक्रमहरु के के आवश्यकता हुन्छ ? तथा ती जनशक्ति परिचालनको नीति के लिन सकिन्छ ?

ग) अन्य कुनै विषय छुटेका वा थप गर्नुपर्ने भए ……

प्रदेश सरकारको छाप

हस्ताक्षर
पदाधिकारीको नाम
मिति

## मानव संसाधन जनशक्ति फारमको औचित्य तथा भर्नका लागि विशेष अनुरोध

मुलुक तीन तहको राजनीतिक तथा प्रशासनिक विभाजनमा गएपछि संघ, प्रदेश तथा स्थानीय तहका लागि निर्धारित सार्वजनिक सेवाका संगठन संरचना, प्रक्षेपण गरिएका जनशक्ति एवम् विषयगत सीपको मूल्यांकन अनिवार्य भएको छ । सामान्य प्रकृतिका सेवा तथा प्राविधिक एवम् व्यावसायिक सीपका जनशक्तिको पहिचान तथा तिनका लागि निर्धारित दरवन्दीहरुको यथार्थ विवरण अध्ययन आवश्यक छ ।

संघ, प्रदेश तथा स्थानीय तहका लागि संवैधानिक विषय क्षेत्रानुसार कार्य सम्पादन गर्न आवश्यकतानुरुप जनशक्ति विकास, उत्पादन तथा सरकारी तथा सार्वजनिक क्षेत्रमा अवसरको पर्याप्तता र उपयुक्त प्रयोग क्षमताको सही विश्लेषण गरी विद्यमान जनशक्तिको राष्ट्रिय रुपमा नै शैक्षिक योग्यता, पेसागत सीप विकास तथा विषयगत सिकाइ क्षमतालाई विस्तृत रुपमा पहिचान गर्न खोजिएको छ ।

संघ, प्रदेश तथा स्थानीय तहका सरकारका लागि विषयगत क्षेत्रका सबै पक्षको भावी योजना, रणनीतिहरु, साथै, संघ, प्रदेश तथा स्थानीय सरकार मातहतका शैक्षिक निकाय विश्वविद्यालय, प्रतिष्ठान तथा प्रशिक्षण तथा तालिम केन्द्र , ससाना सीप विकास केन्द्रहरुको समेत मानव संशाधन विकास योजनाको आँकलन/अनुमान गरेर राष्ट्रिय मानव संसाधन विकास योजनाको २५ वर्षे आधारपत्र संकलन पनि संगालो तयार पार्ने उद्देश्य राखिएको छ ।

सरकारका तह तथा कार्य भूमिका अनुसार रोजगारको बजारसँग र रोजगार वा स्वरोजगारलाई उत्पादनशीलतासँग व्यवहारिक रुपमा जोड्ने दायित्व जनशक्ति विकासको भूमिकामा पर्दछ । यसर्थ संघ, प्रदेश तथा स्थानीय तहबाट आ आफ्ना आवश्यकता पूरा गर्न जनशक्ति विकासमा के कस्ता नीति, रणनीति तथा कार्यक्रमहरु सञ्चालित छन् तथा अभिलेख गर्ने प्रयत्न गरिएको छ ।

यसर्थ संघ, प्रदेश तथा स्थानीय तहले मानव संशाधन विकास योजना यस मन्त्रालयलाई पठाउँदा तपसिलको आधार प्रयोग गर्नुपर्ने हुन्छ । यी विवरणको सहयोगमा राष्टिय मानव संसाधन विकास नीति, योजना तथा कार्यक्रम बनाउन तथा मुलुकका शैक्षिक वा तालिम प्रशिक्षणबाट माग बमोजिमका दक्ष जनशक्ति उत्पादन, विकासका योजना तयार पार्न सहयोग पुग्ने पूर्ण विश्वास गरिएको छ ।

संघ, प्रदेश तथा स्थानीय तहका लागि स्थान विशेष तथा कार्य प्रकृति अनुसार आवश्यक पर्ने पूर्ण दक्ष, दक्ष, अर्धदक्ष सीपयुक्त जनशक्तिको स्पष्ट पहिचान तथा सरकारी क्षेत्र, सामुदायिक क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र तथा वैयक्तिक आयाजर्नका क्षेत्रमा खपत हुने जनशक्तिको पूर्वानुमान आंकलनबाट समयमा नै उच्च शैक्षिक संस्था, तालिम प्रतिष्ठानहरुसंग मिलेर राष्टिय मानव संसाधन विकासको योजना निर्माण र माग अनुसारको दक्ष जनशक्ति तयार पार्न एवम् बजारमा उपलब्ध गराउन सहयोग पुग्ने योजना यस मन्त्रालयले भविष्यमा तयार पार्न चाहेको छ ।

जुनसुकै क्षेत्रका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने तथा बजारमा पठाउने शैक्षिक संस्था, प्रतिष्ठानहरु हुन् । तिनका साथै विषयगत तथा पेसागत तालिम प्रशिक्षण केन्दहरुबाट गुणात्मक तथा व्यवहारिक क्षमता अभिवृद्धि गर्ने गरिन्छ । यसर्थ राष्टिय मानव संसाधन ( जनशक्ति) विकास नीति, कार्य योजना, कार्यक्रम कार्यान्वयन रणनीति, कार्यनीतिहरुको ढाँचा आवश्यक भएको छ । मुलुकलाई आवश्यक पर्ने जनशक्ति तयार पार्न आर्थिक प्रवर्धक र रोजगार सिर्जना गर्ने विषयगत प्राविधिक तथा व्यावसायिक क्षेत्रसित सम्बद्ध कार्यक्षेत्रको वैज्ञानिक अनुमान गरी संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुले आ आफ्नो विषयगत क्षेत्रका नीति, योजना र कार्यान्वयन रणनीति अनुरुप जनशक्ति तयार हुनु अति आवश्यक भएको छ ।

अन्तमा सरोकारवाला सबै निकायहरुबाट प्राप्त हुने विवरण तथा मानव संशाधन विकास योजना जनशक्ति विकास, प्रक्षेपण तथा कार्यान्वयन गर्ने सर्वसम्मत वैज्ञानिक आधार तयार पार्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय विशेष छलफल, अन्तरक्रिया र गोष्ठीको माध्यमबाट साथ रहने छ । सबै जिम्मेवार निकायको सम्वेदनशीलता एवम् निरन्तर सहकार्य तथा सहयोगबाट मन्त्रालय मुलुकको मानव संशाधन विकास योजना तयार पार्न सफल हुने विश्वास गर्दै, यस विषयलाई संवेदनशीलतासाथ लिएर उच्च प्राथमिकतासाथ तपसिलका आधारमा फारम भरी सहयोग गर्नुहुन विशेष अनुरोध छ ।

## फारम भर्ने तरिका तथा विषयवस्तुमा स्पष्टीकरणका लागि

संघ,प्रदेश तथा स्थानीय तह सबैलाई एकै प्रकृति र किसिमका जनशक्ति आवश्यक नपर्न सक्छ । तसर्थ फारममा भएका प्राथमिकताका विषयमा ध्यान दिने, नभएका तर आवश्यक भएका जनशक्तिको विवरण उपलब्ध गराउने काम आ आफ्नो विषयगत, प्रदेशगत तथा स्थानीय विशेषतामा आधारित रहेर विवरण तयार पार्न सकिने छ । यसै गर्नु र हुनु पर्दछ भन्ने कुनै सर्वस्वीकृत विधि, नियम नभएकोमा सबैलाई ध्यानाकर्षण गरिन्छ ।

नोट :

- यो फारममा प्रयोग भएको साधारण तथा विषय भन्नाले नेपाल निजामती सेवा अन्तर्गतका प्रशासन, लेखा, राजस्व, कानुन, संसद, शिक्षा तथा विविध सेवा अन्तर्गतका सेवालाई बुझ्नु पर्दछ । प्राविधिक सेवा भन्नाले कृषि, पशु, वन, इन्जिनियरिङ, स्वास्थ्य, जस्ता विषयलाई बुझ्नुपर्ने हुन्छ ।
- सार्वजनिक तथा निजी क्षेत्रमा प्रयोग हुने विविध सेवा, समूह तथा उपसमूहको पहिचान गर्दा नेपाल निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, नेपाल संसद सेवा तथा सार्वजनिक संस्थान वा बैंक आदिमा संलग्न जनशक्तिको फरक फरक कार्य प्रकृतिका साधारण विषय, प्राविधिक क्षेत्रका जनशक्ति आदिलाई बुझ्नु पर्ने हुन्छ । जस्तै इन्जिनियरतर्फ : सिभिल, मेकानिकल, इलेक्ट्रिकल र नापी सर्वे आदि ।

यो फारमको प्रयोजनका लागि सीपको वर्गीकरण :

- निम्न सीप भन्नाले सम्बन्धित विषय क्षेत्रमा प्राविधिक तथा व्यावसायिक ३ देखि ६ महिना तालिम लिएको,
- मध्यम सीप भन्नाले सम्बन्धित विषय क्षेत्रमा प्राविधिक तथा व्यावसायिक ६ देखि १८ महिना तालिम लिएको तथा सम्बन्धित विषय क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षाको उपाधि २ वर्षदेखि ३ वर्षको अध्ययन गरेको,
- दक्ष सीप भन्नाले सम्बन्धित विषय क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शैक्षिक उपाधि ४ वर्षदेखि माथि अध्ययन गरेको,
- पूर्ण दक्ष भन्नाले सम्बन्धित विषय क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शैक्षिक उपाधि ४ वर्षदेखि माथिको अध्ययन पूरा गरेपछि कम्तिमा ५ वर्षभन्दा बढी काम गरेको,
- विशेषज्ञ तथा अनुसन्धाता भन्नाले सम्बन्धित विषय क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शैक्षिक उपाधि ४ वर्षदेखि माथिको अध्ययन पूरा गरेर कम्तिमा ५ वर्षभन्दा बढी सेवामा संलग्न भएर उच्च विज्ञता तथा अनुसन्धानमा विद्यावारिधि वा पोष्टग्राजुयट गरेको,

**नोट :**

- अर्ध दक्षको अर्थ निम्न तथा मध्यम सीपको जनशक्ति, दक्ष तथा पूर्ण दक्षको अर्थ शैक्षिक योग्यता स्नातकमाथिको जनशक्तिको रुपमा बुझ्नु पर्दछ ।
- नेपाली पाखुरा, श्रम तथा आयार्जन नेपालीले नै गरुन् तथा सुखी नेपाली समृद्ध नेपाल निर्माणमा प्रदेशको ध्यानाकर्षण प्राविधिक तथा व्यावसायिक जनशक्ति विकासमा केन्द्रित होस् भन्ने ध्येयले यो सूचना माग गरिएको छ ।
- प्रदेशलाई आवश्यक गर्ने जनशक्ति उत्पादन तथा विकासका विकसित नीति, योजना, रणनीति के के हुन् सक्लान् ? विभिन्न विकल्पको मार्ग उल्लेख गर्न सकिन्छ ।
- यी माथि उल्लेखित नेपाल निजामती सेवा, स्वास्थ्य सेवा, संसद सेवा तथा विभिन्न सार्वजनिक सेवामा निर्धारित परम्परागत विषयगत सेवाभन्दा फरक प्राविधिक तथा विषयगत सेवाको आवश्यक देखिएका विषयहरु पहिचान भए निजी क्षेत्र तथा सार्वजनिक सेवा क्षेत्रमा सम्भावित माग विवरण उल्लेख गरेर पठाउनु होस् ।

विशेष सहयोग तथा स्पष्ट हुनु परेमा तपसिलमा सम्पर्क राख्नुहोस्

**संस्थागत सम्पर्क व्यक्ति**

ईश्वरीप्रसाद पोखरेल, उपसचिव, जनशक्ति विकास योजना तथा समन्वय शाखा
इमेल, pokhrelishwori123@gmail.com,
mobile no. 9841821313